# नेपाल राष्ट्र बैंक नोट धुल्याउने नियमावली, २०५९

**(पहिलो संशोधन, २०७४ समेत मिलाइएको रुपमा)**

| **संशोधन** | **लागु भएको मिति** |
|---|---|
| नेपाल राष्ट्र बैंक नोट धुल्याउने (पहिलो संशोधन) नियमावली, २०७४ | २०७४/१०/१९ |

नेपाल राष्ट्र बैंक, २०५८ को दफा ११० को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले नेपाल सरकारको स्वीकृति लिई देहायका नियमहरु बनाएको छ ।

**१.** **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "नेपाल राष्ट्र बैंक नोट धुल्याउने नियमावली, २०५९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२.** **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "**ऐन**" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ सम्झनु पर्छ ।

(ख) "**बैंक**" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ग) "**गभर्नर**" भन्नाले ऐनको दफा १५ बमोजिम नियुक्त बैकको गभर्नर सम्झनु पर्छ ।

(घ) "**डेपुटी गभर्नर**" भन्नाले ऐनको दफा १६ बमोजिम नियुक्त बैकको डेपुटी गभर्नर सम्झनु पर्छ ।

(ङ) "**नोट**" भन्नाले नगदको रुपमा चलन चल्तीमा रहेको बैंक नोट सम्झनु पर्छ ।

(च) "**नोट धुल्याउने**" भन्नाले जलाई वा स-साना टुक्रा पारी (स्रेडिङ्ग गरी) नोट नष्ट गर्ने कार्य सम्झनु पर्छ ।

(छ) "**समिति**" भन्नाले नियम ४ बमोजिम नोट धुल्याउने प्रयोजनको लागि गठन भएको समिति सम्झनु पर्छ ।

**३.** **धुल्याउनु पर्ने नोटहरुः** समितिले देहायका नोटहरु आवश्यकता अनुसार धुल्याउनु पर्नेछः-

(क) नेपाल राष्ट्र बैंक नोट सट्टा भर्ना नियमावली, २०५९ बमोजिम सट्टा भर्नाको लागि प्राप्त हुन आएका नोटहरु,

(ख) बैंकको ✈मुद्रा व्यवस्थापन विभाग वा शाखा वा उपशाखा कार्यालयहरुले चलनचल्तीमा ल्याउन अयोग्य ठहऱ्याएका नोटहरु,

(ग) बैंकको सञ्चालक समितिले चलनचल्तीमा ल्याउन उपयुक्त नहुने भनी ठहर गरेका नोटहरु,

(घ) बैकिंग, वित्तीय वा मुद्राको कारोवार गर्न बैंकबाट इजाजतपत्र प्राप्त संस्थाहरुले चलनचल्तीमा ल्याउन योग्य नभएको भनी बैंकमा दाखिला गरेका झुत्रा नोटहरु,

---

✈ पहिलो संशोधनद्वारा संशोधित ।

(ङ) बैकिंग, वित्तीय वा मुद्राको कारोवार गर्न बैंकबाट इजाजतपत्र प्राप्त संस्थाहरु, सरकारी वा अन्य निकायबाट बैकिंग कारोवारको सन्दर्भमा बैंकमा दाखिला हुन आएका नोटहरु मध्ये नक्कली भनी बैंकले जफत गरेका र कारवाही चलाउन स्पष्ट आधार नभएका नोटहरु ।

४. **<u>नोट धुल्याउने समितिको गठनः</u>** (१) यस नियमावली बमोजिम नोट धुल्याउने प्रयोजनको लागि देहायका सदस्यहरु रहेको एउटा नोट धुल्याउने समितिको गठन गरिनेछः-

| | | |
|---|---|---|
| (क) | ✈मुद्रा व्यवस्थापन विभागको प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि | -संयोजक |
| (ख) | प्रतिनिधि, नेपाल सरकार, अर्थ मन्त्रालय | -सदस्य |
| (ग) | प्रतिनिधि, बैंकको ✈कानून महाशाखा | -सदस्य |
| (घ) | ✈मुद्रा व्यवस्थापन विभागको प्रमुखले तोकेको अधिकृत | -सदस्य |
| (ङ) | ✈मुद्रा व्यवस्थापन विभागको नगद तर्फको सम्बन्धित अधिकृत | -सदस्य-सचिव |

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैंकका शाखा वा उपशाखा कार्यालयहरुमा नोट धुल्याउने प्रयोजनको लागि देहायका सदस्यहरु रहेको एउटा नोट धुल्याउने समिति गठन हुनेछः-

| | | |
|---|---|---|
| (क) | शाखा वा उपशाखा कार्यालयको प्रमुख | -संयोजक |
| (ख) | नेपाल सरकार, कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि | -सदस्य |
| (ग) | शाखा वा उपशाखा कार्यालयको ✈मुद्रा व्यवस्थापन विभागको जिम्मेवारी लिने अधिकृत | -सदस्य |
| (घ) | शाखा वा उपशाखा कार्यालयको नगद तर्फको सम्बन्धित अधिकृत | -सदस्य-सचिव |

(३) समितिले आफ्नो बैठक सम्बन्धी कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(४) समितिका सदस्यहरुले समितिको बैठकमा भाग लिंदा बैंकले तोके बमोजिमको खाजा खर्च पाउनेछन् ।

---

✈ पहिलो संशोधनद्वारा संशोधित ।

**५. नोट धुल्याउने कार्यविधिः** (१) बैंकले धुल्याउन छुट्याएका नोटहरुको थान गन्ती गरी लगत खडा गरी राख्नु पर्नेछ ।

(२) ✈उप-नियम (१) बमोजिम लगत खडा गरी छुट्याइएका नोटहरु मध्ये पाँच सय र एक हजार दरका नोट पुनः गन्ती गरी दुवै तर्फको नम्बरमा पर्ने गरी पञ्चिङ्ग मेसिनले चार वटा प्वाल पार्नु पर्नेछ ।

तर सुरक्षाको आवश्यक प्रबन्ध गरी करेन्सी भेरिफिकेशन, प्रोसेसिङ्ग एण्ड स्रेडिङ्ग सिष्टम वा स्रेडिङ्ग एण्ड ब्रिकेटिङ्ग सिष्टमबाट नोट धुल्याउने कार्य गर्दा कुनै पनि दरका नोटमा प्वाल पार्नु पर्ने छैन ।

(३) ✂.. .....

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि छपाई बिग्रेका र नेपाल राष्ट्र बैंक नोट सट्टा भर्ना नियमावली, २०५९ बमोजिम सट्टा भर्नाको दावी परी प्राप्त हुन आएका नोटहरु धुल्याउँदा त्यस्ता नोटहरुमा प्वाल पार्नु पर्ने छैन ।

(५) उपनियम (२) बमोजिम प्वाल पार्दा निस्केका नोटका टुक्राहरु समेत सुरक्षित राखी नोट धुल्याउँदा त्यस्ता टुक्राहरु समेत समितिको रोहवरमा मुचुल्का खडा गरी बैंकको हाता भित्र धुल्याउनु पर्नेछ ।

(६) ✈उपनियम (२) बमोजिम नोट धुल्याउँदा समितिले एक सय रुपैयाँ र सोभन्दा साना दरका नोटलाई र्‍यान्डम स्याम्प्लिङ्गका आधारमा कम्तीमा पाँच प्रतिशत नोटका बन्डलहरु रुजु गरी धुल्याउनु पर्नेछ ।

(७) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि स्रेडिङ्ग गरिएका पोलिमर नोटको हकमा त्यस्ता नोटका टुक्राहरु संचालक समितिले तोकेको प्रकृया अपनाई बैंकले बिक्री गर्न सक्नेछ ।

**६. थान गन्ती गर्न नसकिने नोट धुल्याउने कार्यविधिः** नियम ५ मा जुनसुकै कुरा लेखिएको भएता पनि बैंकले धुल्याउन छुट्याएका नोटहरुमा थान गन्ती गर्न नसकिने नोटहरु भए त्यस्ता नोटहरु समितिले सोही व्यहोरा यथार्थ रुपमा खुलाई मुचुल्का खडा गरी धुल्याउन सक्नेछ ।

**७. प्रतिवेदन पठाउनु पर्ने :** यस नियमावली बमोजिम नोट धुल्याउने कार्य सम्पन्न भईसकेपछि समितिले सोको प्रतिवेदन गभर्नरको कार्यालयमा पठाउनु पर्नेछ ।

---

✈ पहिलो संशोधनद्वारा संशोधित ।

✂ पहिलो संशोधनद्वारा झिकिएको ।

८. **खारेजी र बचाऊः** (१) नेपाल राष्ट्र बैंक (नोट धुल्याउने) नियमहरु, २०५०  खारेज गरिएको छ।

(२) उप-नियम (१) बमोजिमका नियमहरु अन्तर्गत भए गरेका सबै काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।